# जिम्मेवारपूर्ण ख्रीष्टियान



# जिम्मेवारपूर्ण ख्रीष्टियान
## ग्लोबल युनिभर्सिटी

जिम्मेवारपूर्ण ख्रीष्टियान

ख्रीष्टियान कारिन्दापनमा अध्ययन

(The Responsible Christian)

लेखकः जोस आर सिल्वा डेइगाडो

अनुवादकः रेभ. डा. बाल कृष्ण शर्मा

ग्लोबल युनिभर्सिटी
प्रकाशक
ग्लोबल युनिभर्सिटी
पो.ब.नं. ४२४५
काठमाडौं, नेपाल

२०१३ सर्वाधिकार सुरक्षित
ग्लोबल युनिभर्सिटी

प्रति: २०००

**Global University**
**First Edition 2013**
**The Responsible Christian**

**Published by**
**Global University**
**P.O.Box 4245**
**Kathmandu, Nepal**

# विषय-सूची


| | | |
|---|---|---|
| | | **पृष्ठ** |
| पाठ्यपुस्तक परिचय | ................................................................ | ५ |
| **एकाइ एक**: कारिन्दापनको बारेमा बाइबलले के भन्छ | | १२ |
| **पाठ** | | |
| १. परमेश्वर–सबैथोकका मालिक | ................................ | १४ |
| २. मानिस–परमेश्वरको कारिन्दा | ................................ | ४० |
| **एकाइ दुइ**: कारिन्दापन र हामी आफै | | ६२ |
| ३. हाम्रा जीवनलाई सञ्चालन गर्नु | ................................ | ६४ |
| ४. हाम्रा व्यक्तित्वहरूको विकास | ................................ | ९० |
| ५. हाम्रा शरीरलाई हेरचाहा गर्नु | ................................ | ११६ |
| ६. हाम्रा व्यक्तिगत सम्पत्तिलाई उपयोग गर्नु | .................... | १३६ |
| **एकाइ तीन**: कारिन्दापन र हाम्रा जिम्मेवारीहरू | ........................... | १६२ |
| ७. हाम्रा रूपियाँ-पैसा र सम्पत्ति | ................................ | १६४ |
| ८. हाम्रा घरहरू | ................................................... | १९० |
| ९. हाम्रो मण्डली | ................................................... | २१४ |
| १०. हाम्रो समुदाय | ................................................... | २४२ |
| शब्दकोश | ................................................................ | २५४ |
| स्वयम्-जाँचका उत्तरहरू | ................................................... | २६० |
| विद्यार्थी प्रतिवेदनहरू र उत्तरपृष्ठहरू | ........................................ | २६८ |

## ग्लोबल युनिभर्सिटी ख्रीष्टियान सेवा कार्यक्रम

ग्लोबल युनिभर्सिटी ख्रीष्टियान सेवा कार्यक्रमका १८-वटा पाठ्यपुस्तकहरूमध्ये यो एउटा पाठ्यपुस्तक हो । बायाँपट्टि दिइएको चिन्हले यो पुस्तकलाई कहिले पढिनुपर्छ भन्ने कुराको बोध गराउँछ । यी पाठ्यपुस्तकहरूलाई ६,६ वटा पुस्तकहरु गरी तीन खण्डमा विभाजित गरिएको छ । जिम्मेवारपूर्ण ख्रीष्टियान भनिने यो पुस्तक भाग ३-को पहिलो पाठ्यपुस्तक हो । पाठ्यपुस्तकहरूलाई उचित क्रममा अध्ययन गर्नाले तपाईंले यसबाट धेरै फाइदा उठाउन सक्नुहुनेछ ।

ख्रीष्टियान सेवा कार्यक्रमको अध्ययन विषयहरूलाई ख्रीष्टियान सेवकहरूले विशेष रूपमा प्रयोग गर्न सकून् भन्ने उद्देश्य राखी स्वयम्-अध्ययन प्रणालीको विकास गरी तयार पारिएको छ । यी पाठ्यक्रमहरूले विद्यार्थीलाई व्यावहारिक ख्रीष्टियान सेवामा खाँचो पर्ने बाइबल ज्ञान र कुशलता प्रदान गर्नेछन् । तपाईंले यो पुस्तक प्रमाण-पत्र पाउनलाई वा व्यक्तिगत उन्नतिको लागि अध्ययन गर्न सक्नुहुन्छ ।

### ध्यान दिनुहोस्

कृपया पाठ्यपुस्तकको परिचयलाई बडो होशियारीसाथ पढ्नुहोस् । पाठ्यपुस्तकका उद्देश्यहरूको प्राप्तिको निम्ति तपाईंले यी सबै निर्देशनहरूलाई पालन गर्नु महत्वपूर्ण छ, र त्यसपछि विद्यार्थी प्रतिवेदनहरूका निम्ति तयारी हुनुहोस् ।

यस पाठ्यपुस्तक सम्बन्धी सबै चिट्ठी-पत्रहरू ग्लोबल युनिभर्सिटीको ठेगानामा पठाउनुहोस् ।

ग्लोबल युनिभर्सिटी
पो.ब.नं. ४२४५
काठमाडौं, नेपाल

# पाठ्यपुस्तक परिचय

## विश्वासयोग्य कारिन्दा बन्नु

तपाईंले अति महत्त्वपूर्ण विषयलाई अध्ययन गर्नै लाग्नु भएको छ : तपाईंको जीवनका सबै पक्षमा र क्षेत्रहरूमा तपाईं कसरी विश्वासयोग्य कारिन्दा बन्न सक्नुहुन्छ ।

यस पाठ्यपुस्तकलाई अध्ययनका तीन एकाइहरूमा विभाजित गरिएको छ । पहिलो एकाइले तपाईंलाई मालिकपन र कारिन्दापनका धारणाहरू र तिनीहरूका बारेमा बाइबलले के भन्छ भन्ने सम्बन्धमा परिचित गराउनेछ । यस एकाइमा संलग्न दुइ पाठहरूमा, यी धारणाहरूका सम्बन्धमा बाइबलबाट तपाईंले व्याख्याहरू र उदाहरणहरूलाई भेट्टाउनुहुनेछ । कारिन्दा हुनु भनेको अर्थ के हो सो बुझ्न यिनीहरूले तपाईंलाई सहयोग पुऱ्याउनेछन् ।

एकाइ दुइले तपाईंको जीवन, तपाईंको व्यक्तित्व, तपाईंको शरीर, तपाईंको समय र तपाईंका क्षमताहरूजस्ता तपाईंका व्यक्तिगत सामाग्रीहरूसँग कारिन्दापनले के गर्छ भन्ने विषयलाई बताउँछ । तिनीहरूका बारेमा बाइबलले के भन्छ सो तपाईंले सिक्नुहुनेछ । अनि तपाईंको जीवनका यी प्रत्येक पक्षहरू परमेश्वरद्वारा तपाईंलाई जिम्मा दिइएका सामाग्री भएका हुनाले, यसलाई कसरी लगानी गर्नुपर्छ र परमेश्वरको महिमाको निम्ति प्रयोग गर्नुपर्छ भनी तपाईंले जान्नुपर्छ । यस दोस्रो एकाइमा रहेका चारवटा पाठहरूले यसलाई पूरा गर्ने विभिन्न तरीकाहरूका निम्ति तपाईंलाई व्यावहारिक धारणाहरू र सुझावहरू दिनेछन् ।

तब, तेस्रो एकाइमा तपाईंले तपाईंको जीवनका अन्य पक्षहरूका सम्बन्धमा खीष्टियान कारिन्दाका रूपमा तपाईंका जिम्मेवारीहरू के हुन् सो सिक्नुहनेछ- तपाईंका रूपियाँ-पैसा र सम्पत्तिहरू, तपाईको घर, तपाईंको मण्डली र तपाईंको

समुदाय । यी प्रत्येक क्षेत्रहरूमा तपाईंका जिम्मेवारीहरूलाई पूरा गर्ने तरीकाहरूलाई यस एकाइमा भएका चारवटा पाठहरूले तपाईंलाई देखाउनेछन् । प्रत्येकको बारेमा बाइबलले के भन्छ सो व्याख्या गरी तपाईंले पछ्याउनुपर्ने सिद्धान्तहरूलाई बुझ्न तिनीहरूले तपाईंलाई सहयोग पुऱ्याउनेछन् ।

परमेश्वरले तपाईंको जिम्मामा सुम्पनुभएका सबै असल थोकहरूलाई यस किसिममा प्रबन्ध गर्न र लगानी गर्न यी पाठहरूले तपाईंलाई सहायता गरून् कि एकदिन उहाँले तपाईंलाई यसो भन्नुभएको तपाईंले सुन्नुहुनेछः स्याबास, “असल र विश्वासयोग्य नोकर ! ... तँ आफ्ना मालिकको खुशीमा सहभागी हो !”(मत्ती २५:२३) ।

## पाठ्यपुस्तक विवरण

*जिम्मेवारपूर्ण ख्रीष्टियानः ख्रीष्टियान कारिन्दापनमा अध्ययन* कारिन्दापनको बारेमा बाइबलले के बताउँछ त्यस विषयमा भएको अध्ययन हो–मालिकका रूपमा परमेश्वरको र कारिन्दाका रूपमा मानिसको भूमिका परमेश्वरले मानिसका जिम्मामा सुम्पनुभएका विभिन्न थोकहरू र स्रोतहरूको विश्वासयोग्य प्रबन्धको निम्ति ख्रीष्टियानले आफ्नो जिम्मेवारीलाई कसरी अभ्यास गर्छ भनी यसले व्याख्या गरिदिन्छ । यसका अतिरिक्त, कारिन्दाको रूपमा उनको भूमिकाको सन्दर्भमा उनको घर, मण्डली र समुदायमा भएको उनको सम्बन्धलाई पनि यसले ढाकेको हुन्छ ।

## पाठ्यपुस्तक उद्देश्यहरू

यस पाठ्यपुस्तकको अध्ययनपछि तपाईंलेः

१. कारिन्दापनको सम्बन्धमा परमेश्वर र तपाईं आफैंको भूमिकालाई वर्णन गर्न सक्नुपर्नेछ ।

२. कारिन्दाका रूपमा के कुरालाई प्रबन्ध गर्न तपाईं जिम्मेवार हुनुहुन्छ सो व्याख्या गर्न सक्नुपर्नेछ ।

३. कारिन्दाका रूपमा तपाईंका प्रत्येक जिम्मेवारीलाई पूरा गर्न सक्ने तरीकाहरूको सूची बनाउन सक्नुपर्नेछ ।

४. तपाईं आफैलाई र तपाईंका सम्पत्तिहरूलाई परमेश्वरमा समर्पण गर्नुपर्ने आवश्यकताप्रति तपाईं कृतज्ञ हुनुभई उहाँको सेवामा प्रयोग गर्नका निम्ति आफ्ना क्षमताहरूलाई विकास गर्न सक्नुपर्नेछ ।

## पाठ्यपुस्तकहरू

तपाईंले यस पाठ्यक्रमको निम्ति पाठ्यपुस्तक र अध्ययन-सहयोगी दुवैको निम्ति जोस आर सिल्वा डेइगाडोद्वारा लिखित जिम्मेवारपूर्ण ख्रीष्टियानः ख्रीष्टियान कारिन्दापनमा अध्ययन नामक पुस्तकलाई प्रयोग गर्नुहुनेछ । तपाईंलाई आवश्यक पर्ने अर्को पाठ्यपुस्तक केवल बाइबल मात्र हो ।

## अध्ययन समय

प्रत्येक पाठ अध्ययन गर्नको निम्ति कति समय लाग्छ, सो यस विषय शुरू गर्नुभन्दा पहिल्यै तपाईंले प्राप्त गर्नुभएको यस विषय सम्बन्धी ज्ञान र तपाईंको खूबीमा भरपर्छ । यदि तपाईंले पुस्तकमा दिइएका सबै निर्देशनहरू ठीक प्रकारले पालन गरी अध्ययन गर्नुभयो भने थोरै समयमा तपाईंले धेरै पाठहरू पनि अध्ययन गर्न सक्नुहुन्छ । तपाईंले आफ्नो अध्ययन समय-तालिका बनाउनुहोस् र लेखकले पाठ्यपुस्तकमा राखेका उद्देश्यहरू र तपाईंको आफ्नै व्यक्तिगत उद्देश्यमा पुग्नको निम्ति पनि अध्ययनको लागि प्रशस्त समय दिनुहोस् ।

## पाठ संगठन र अध्ययन नमूना

प्रत्येक पाठमा यी भागहरू संलग्न गरिएका छन्: १. पाठको शीर्षक, २. शुरूको वाक्य, ३. पाठको रूपरेखा, ४. पाठका उद्देश्यहरू, ५. सिक्ने क्रियाकलाप, ६. मुख्य शब्दहरू ७. अध्ययन प्रश्नहरूसहित पाठको विकास, ८. स्वयम्-जाँच, र ९. अध्ययन प्रश्नहरूका उत्तरहरू ।

पाठको रूपरेखा र उद्देश्यले तपाईंलाई विषयको परिचय, मुख्य कुराहरूमा ध्यान र तपाईंले के कुरा सिक्नुपर्छ सो बताउँछन् । यस पाठ्यक्रमको पाठ विकासले विषयवस्तुलाई एक-एक गरी अध्ययन गर्न सजिलो पार्छ । तपाईंले

जहिले समय पाउनुहुन्छ, यस पाठ्यपुस्तकलाई खण्ड-खण्ड गरी अध्ययन गर्न सक्नुहुन्छ र यसरी पूरै पाठ एकै चोटि सक्ने समय नपाउञ्जेलसम्म पर्खिरहनुपर्दैन। पाठका उद्देश्यहरू प्राप्त गर्नको निम्ति तपाईंलाई सहायता पुऱ्याउन यस पाठ्यपुस्तकमा टिप्पणीहरू, अभ्यासहरू र उत्तरहरू संलग्न गरिएका छन्।

पाठ विकासमा भएका केही अध्ययन प्रश्नहरूका उत्तरहरूलाई यसै स्वयम्-अध्ययन पाठ्यपुस्तकमा भएका खाली ठाउँमा नै लेख्न सकिन्छ, र अन्य प्रश्नहरूका उत्तरहरूचाहिँ अर्कै अभ्यास-पुस्तिकामा उत्तरहरू लेख्नुहुँदा शीर्षक र संख्यालाई लेख्नुहोस्। तपाईंले एकाइ मूल्याङ्कनहरू गर्नुहुँदा यसले तपाईंलाई सहायता पुऱ्याउनेछ।

तपाईंले आफ्नै उत्तर दिनुभन्दा पहिले पाठ्यपुस्तकमा दिइएका उत्तरहरूलाई नहेर्नुहोस्। यदि तपाईंले आफ्नै उत्तरहरू दिनुभयो भने, तपाईंले अध्ययन गर्नुभएको कुरालाई अझै राम्रोसँग आफ्नो मनमा राख्न सक्नुहुन्छ। अध्ययन प्रश्नहरूका उत्तर दिनुभएपछि, पाठको अन्तमा दिइएका उत्तरहरूसँग आफ्ना उत्तरहरूलाई दाँज्नुहोस्। तपाईंले बेठीक गर्नुभएका उत्तरहरूलाई ठीक गर्नुहोस्। उत्तरहरूलाई क्रमिक रूपमा दिइएका छैनन् र यसरी तपाईंले अर्को उत्तरलाई हेर्न सक्नुहुन्न।

यी प्रश्नहरू धेरै महत्त्वपूर्ण छन्। तपाईंको ज्ञान र ख्रीष्टियान सेवालाई विकास र उन्नति गर्न तिनीहरूले तपाईंलाई सहायता पुऱ्याउनेछन्। प्रस्तावित क्रियाकलापहरूले तपाईंलाई सिद्धान्तबाट व्यवहारमा जानको लागि सहायता पुऱ्याउनेछन्।

## अध्ययन प्रश्नहरूलाई कसरी उत्तर दिने

यस अध्ययन पुस्तिका सहयोगीमा विभिन्न किसिमका अध्ययन प्रश्नहरू समावेश गरिएका छन्। तल विभिन्न उदाहरणसहित कसरी उत्तर दिनुपर्छ सो उल्लेख गरिएको छ।

*ठीक उत्तर चुन्नुपर्ने* प्रश्नले तपाईंलाई दिइएका विभिन्न उत्तरहरूबाट ठीक उत्तर चुन्न लगाउँछ।

ठीक उत्तर चुन्ने प्रश्नको उदाहरण

१ बाइबलमा कतिओटा पुस्तकहरू छन् ?

क. १०० पुस्तकहरू

ख. ६६ पुस्तकहरू

ग. २७ पुस्तकहरू

ठीक उत्तरचाहिँ ६६ वटा पुस्तकहरू हो । यहाँ तल देखाइएको जस्तै तपाईंको अध्ययन सहयोगीक पुस्तिकामा **ख.** को वरिपरि घेरा लगाउनुहोस् ।

१ बाइबलमा कतिवटा पुस्तकहरू छन् ?

क. १०० पुस्तकहरू

(ख.) ६६ पुस्तकहरू

ग. २७ पुस्तकहरू

(कुनै-कुनै प्रश्नहरूले तपाईंलाई दिइएका वाक्यहरूबाट कुन-कुन ठीक हुन् सो छान्न लगाउँछ ।)

*ठीक-बेठीक* प्रश्नले दिइएका बयानहरूबाट ठीक उत्तर छान्न लगाउँछ

ठीक-बेठीक प्रश्नको उदाहरण

२ तल दिइएका कुन-कुन बयानहरू ठीक छन् ?

क. बाइबलमा जम्मा १२० वटा पुस्तकहरू छन् ।

(ख.) बाइबल आजका विश्वासीहरूका निम्ति परमेश्वरको सन्देश हो ।

ग. बाइबलका लेखकहरू सबैले हिब्रू भाषामा लेखे ।

(घ.) बाइबल लेख्ने व्यक्तिहरूलाई पवित्र आत्माले प्रेरणा दिनुभएको थियो ।

माथि दिइएका बयानहरूमध्ये **ख.** र **घ.** ठीक छन् । माथि देख्नुभएजस्तै तपाईंले छान्नुभएका दुइ अक्षरहरूमा घेरा लगाउनुहोस् ।

*जोडा मिलाउने* प्रश्नले तपाईंलाई दिइएका मिल्दोजुल्दो कुराहरूबाट ठीक कुरा मिलाउन लगाउँछ । जस्तैः नामहरूसँग वर्णन अथवा बाइबलका पुस्तकहरूसँग तिनीहरूका लेखकहरूको जोडा मिलाउन सकिन्छ ।

जोडा मिलाउने प्रश्नको उदाहरण

३ प्रत्येक बयानको अगाडि अगुवाले गरेको कामको वर्णनमा उसको संख्या लेख्नुहोस् ।

ञ....... क. सिनै पर्वतमा व्यवस्था पाएको १. मोशा

द्द....... ख. इस्राएलीहरूलाई यर्दन नदी पार गराएको २. यहोशू

द्द....... ग. यरियो शहरको वरिपरि घुमेको

ञ....... घ. फारो राजाको दरबारमा बसेको

**क.** र **घ.** मा दिइएको बयान मोशाको जीवनसँग र **ख.** र **ग.** मा भएको बयान यहोशूसँग मिल्छ । माथि देखाएजस्तै तपाईंले **१.** संख्या **क.** र **ख.** को अगाडि र **२.** संख्या **ख.** र **ग.** को अगाडि लेख्न सक्नुहुन्छ ।

## यस पाठ्यक्रमलाई अध्ययन गर्ने तरीकाहरू

यदि तपाईं आफैले नै यस ग्लोबल युनिभर्सिटी पाठ्यक्रमलाई अध्ययन गर्नुभयो भने, हुलाकद्वारा नै तपाईंले यसलाई पूरा गर्न सक्नुहुन्छ । तपाईं आफैले नै अध्ययन गर्न सक्नुहोस् भन्ने हेतुले ग्लोबल युनिभर्सिटीले यस पाठ्यपुस्तकलाई तयार गरेको भए तापनि, तपाईंले समूह वा कक्षामा पनि यसलाई अध्ययन गर्न सक्नुहुन्छ । यदि तपाईंले यस पाठ्यपुस्तकलाई समूह वा कक्षामा अध्ययन गर्नुभयो भने, यस पाठमा भएकाभन्दा अझ धेरै निर्देशनहरू तपाईंका शिक्षकले दिनुहुन्छ होला । यदि यसो हो भने उहाँका निर्देशनहरूलाई पालन गर्नुहोस् ।

हुनसक्छ तपाईंले यस पाठ्यपुस्तकलाई घरेलु बाइबल अध्ययनमा, मण्डलीको कक्षामा, वा बाइबल स्कूलमा प्रयोग गर्न चाहनुहुन्छ होला । यी उद्देश्यहरूका निम्ति विषयवस्तु र अध्ययन प्रणाली अति नै उपयुक्त छन् भन्ने कुरा तपाईंले देख्नुहुनेछ ।

## तपाईंको विद्यार्थी प्रतिवेदन

यदि तपाईंले प्रमाणपत्र प्राप्त गर्नको निम्ति अध्ययन गरिरहनुभएको छ भने तपाईंले विद्यार्थी प्रतिवेदन प्रश्न पुस्तिका भन्ने छुट्टै पुस्तक पाउनुभएको होला । यस पुस्तिकामा दुइ खण्डहरू छन् । प्रत्येक खण्डलाई कहिले भर्नुपर्छ भनी तपाईंको अध्ययन सहयोगी पुस्तिकाले बताउँछ ।

ग्लोबल युनिभर्सिटीको कार्यालयमा पठाउनको निम्ति दिइएको स्थानीय ठेगानाको प्रयोग गर्नुहोस् ।

## प्रमाणपत्र

तपाईंका ग्लोबल युनिभर्सिटी निर्देशकद्वारा यस पाठको समाप्ति र अन्तिम विद्यार्थी प्रतिवेदन छनोटपछि तपाईंलाई सुन्दर प्रमाणपत्र पठाइनेछ ।

## यस पुस्तकका लेखक

जोस आर सिल्वा डेइगाडो गएको २५ वर्षदेखि पास्टरीय सेवामा हुनुहुन्छ र उहाँ अहिले आफ्नो जन्मस्थान वाल्डिमिया, चिल्लीमा पास्टरको काम गर्नुहुन्छ । त्यसभन्दा पहिले उहाँले सान्टियागो, चिल्लीमा पास्टरको काम गर्नुभएको थियो ।

यसका अतिरिक्त उहाँले राष्ट्रिय मण्डली परिषद्मा अगुवाको रूपमा काम गर्नुभएको छ । उहाँले बाइबल स्कूलमा पनि शिक्षकको काम गर्नुभएको छ । उहाँले लेखक र अनुवादको काम पनि गर्नुभएको छ । उहाँ विवाहित हुनुहुन्छ र उहाँका ६ जना छोराछोरी छन् ।

## तपाईंका ग्लोबल युनिभर्सिटी निर्देशक

तपाईंलाई सहायता पुऱ्याउनको निम्ति तपाईंका निर्देशक सधैंभरि इच्छुक हुनुहुन्छ । यदि पाठ वा विद्यार्थी प्रतिवेदन सम्बन्धी तपाईंमा केही प्रश्नहरू छन् भने, तपाईंले उहाँसँग प्रश्न सोध्नसक्नुहुन्छ । यदि धेरै व्यक्तिहरूले मिलेर यस पाठलाई अध्ययन गर्ने विचार गर्नुभएको छ भने, समूह अध्ययनको बन्दोवस्त मिलाउनको लागि उहाँसँग विन्ती गर्नुहोस् ।

जिम्मेवारपूर्ण ख्रीष्टियान कारिन्दापनमा अध्ययन भनिने यस पुस्तकको अध्ययनमा परमेश्वरले तपाईंलाई सहायता गरून् । यस अध्ययनले तपाईंको आत्मिक जीवनको वृद्धिको साथसाथै ख्रीष्टियान सेवामा पनि सहायता पुऱ्याई ख्रीष्टको शरीरमा तपाईंको जिम्मेवारी बुझ्नलाई सहायता पुऱ्याउने छ ।